नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ७६ २०७९ साल असोज ३१ गते सोमबार (17 Oct 2022 Monday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्मार्ट बन्दैछन् खानेपानी... ३ पृष्ठमा : वित्तीय सुशासन कायम र ... ३ पृष्ठमा : टर्कीमा खानी विस्फोटमा ...

# क्षेत्र नं. ३ मा द्विपक्षीय प्रतिस्पर्धा हुने अनुमान

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

सप्तरीको क्षेत्र नं. ३ मा द्विपक्षीय प्रतिष्पर्धाको सम्भावना रहेको छ। दुई नगरपालिका र तीन गाउँपालिका रहेको यस क्षेत्रमा जसपा-एमाले गठबन्धनका उम्मेदवार ताराकान्त चौधरी र सत्तारुढ गठबन्धनका उम्मेदवार दिनेशकुमार यादवबीच मुख्य प्रतिष्पर्धा हुने आंकलन गरिएको छ ।

सत्तारुढ गठबन्धनबाट नेपाली काँग्रेसका केन्द्रीय सदस्यसमेत रहेका दिनेश कुमार यादव साझा उम्मेदवार हुन् । २०७४ को निर्वाचनमा यस क्षेत्रबाट लोसपाका चन्द्रकान्त चौधरी निर्वाचित भएका थिए । चौधरी भने यस पल्ट चुनावी मैदानमा छैनन् ।





यता विपक्षी गठबन्धन जसपा-एमालेबाट एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरी प्रतिस्पर्धामा उत्रिएका छन् । उनी यस क्षेत्रबाट २०७० सालमा संविधानसभा सदस्य निर्वाचित भएका थिए । यस क्षेत्रबाट जनमत पार्टीले पूर्वमन्त्रि समेत रहेका नेता अनिस अंसारीलाई चुनावी प्रतिस्पर्धामा उतारेको छ ।

सत्तारुढ गठबन्धनका साझा उम्मेदवार दिनेश कुमार यादव रहदा पनि गठबन्धन भित्रकै सहयात्री दल लोसपाका लक्ष्मीकान्त मण्डलले पनि उम्मेदवारी दिदाँ यादवलाई केही चुनौती थपिएको आकलन गरिएको छ । यद्धपी गठबन्धनको सहमती विपरित मंडलले उम्मेदवारी दिएका कारण लोसपा अध्यक्ष महन्थ ठाकुरले एक प्रेस विज्ञप्ती नै जारी गरी उनी लोसपाका आधिकारीक उम्मेदवार नरहेको र आपुहरुको गठबन्धनका उम्मेदवारप्रति पूर्णसर्मथन रहेको स्पस्ट पारिसकेका छन् ।

यसै क्षेत्रबाट राष्ट्रिय प्रजातन्त्र पार्टीका गंगाराम ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोद कुमार साह, राप्रपा नेपालका शिवेश्वर यादव, नेमकिपाका मकवुल मियाँ, नेपाली जनता दलका राम बाबु रजक, नेपाल संघिय समाजवादी पार्टीका

***बाँकी अन्तिम पृष्ठमा***

## परिचयपत्रबाट पनि मतदान गर्न मिल्ने

काठमाडौं, ३० असोज (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मतदाताले आफ्नो नाम भएको मतदानकेन्द्रमा मतदान गर्न जाँदा आयोगले प्रदान गरेको परिचयपत्र वा अन्य परिचय खुल्ने सरकारी परिचयपत्रबाट पनि मतदान गर्न पाउने भएका छन् ।


प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, लालपूर्जा वा आधिकारिक निकायबाट जारी परिचय खुल्ने परिचयपत्र देखाएर पनि मतदान गर्न पाउने व्यवस्था गरिएको बताउनुभएको हो ।

# वरिष्ठ दानवीर एवं रेडक्रस सभापती भगत पनि चुनावी मैदानमा

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

सप्तरीका वरिष्ठ दानवीर एवं समाजसेवी जोगेन्द्र भगत पनि यस पल्टको निर्वाचनमा प्रतिष्पर्धा गर्दैछन् । उनी लामो समयदेखी सप्तरीमा समाजसेवामा संलग्न छन् ।

नेपाल रेडक्रस सोसाइटी सप्तरीका सभापति समेत रहेका भगत जिल्लाको शम्भुनाथ नगरपालिका स्थायीवासी हुन् । राजविराज नगरपालिकामा समेत घर भएका भगत विगत तीन दशकदेखी नेपाल रेडक्रस



सोसाईटी शाखा सप्तरीको सभापतीको जिम्मेवारी बहन गर्दै आएका छन् ।

उनी यस पल्ट जिल्लाको क्षेत्र नं. ३ को प्रदेशसभा क्षेत्र क बाट उम्मेदवार बनेका छन् । भगत सो क्षेत्रबाट जसपा-एमाले गठबन्धनको साझा उम्मेदवार हुन् ।

यसै क्षेत्रमा सत्तारुढ गठबन्धनका तर्फबाट वर्तमान प्रदेशसभा सदस्य नेपाली काँग्रेसका मो.समिम र मनोनयनपत्र दर्ता कै दिन काँग्रेस परित्याग गरी जनमत पार्टी प्रवेश गरेका राम प्रसाद मण्डल पनि जनमत पार्टीबाट चुनावी मैदानमा छन् ।

रुपनी गाउँपालिकामा नेपाल प्रहरी अस्पताल, शम्भुनाथ नगरपालिकामा सशस्त्र प्रहरीको विद्यालय र राजविराज नगरपालिकामा ठाको देवी माध्यमिक विद्यालय लगायत जिल्लाका विभिन्न स्थानहरुमा भौतिक संरचना निर्माणका लागी आफ्नो करोडौ मुल्य पर्ने जग्गा दान समेत गरेर भगतले वरिष्ठ दानवीरको उपाधी समेत पाएका छन् ।

"राजनीति पनि समाजसेवा नै हो, यो सेवा पनि गरेर हेरौं न त ।" आफ्नो जीवनको उत्तरार्धमा राजनीतिमा आउनुका कारण बारे भगतसँग जिज्ञासा राख्दा उनले भने, "मैले जिवन समाज सेवामै बिताए, जिवनको अन्तिम समयमा राजनीतिको माध्यमबाट जनताको सेवा गर्ने इच्छा छ ।"

उनले देश र जनताको सेवा वाहेक आफनो अन्य कुनै स्वार्थ नरहेको बताउँदै जनताले अवसर प्रदान गर्ने विश्वास समेत ब्यक्त गरेका छन् ।

२८ हजार ४४ पुरुष, २६ हजार २ सय ३ महिला तथा अन्य ३ गरी कुल ५४ हजार २ सय ५० मतदाता रहेको यस क्षेत्रमा शम्भुनाथ नगरपालिकाको १२ मध्ये ११ वडा तथा रुपनी गाँउपालिका र विष्णुपुर गाउँपालिका पर्दछ ।

यस्तै नेमकिपाबाट अनमोल यादव, नेकपाका गिरीजा कुमारी चौधरी, बहुजन एकता पार्टी नेपालका जय प्रसाद राम, नागरिक उन्मुक्ती पार्टीका त्रिभुवन चौधरी, राप्रपाका विष्णु चौधरी, राप्रपा नेपालका राम कुमार यादव तथा स्वतन्त्रबाट गनु प्रसाद साह, राजेश प्रसाद यादव, राम कुमार यादव, मो.कादिर, मो.आलम, महेन्द्र प्रसाद चौधरी, संजिव नारायण यादव, पप्पु कुमार यादव र धर्म नारायण साह गरी १८ जना चुनावी प्रतिस्पर्धामा छन् ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

## सम्पादकीय

### हेर र पर्खको अवस्थामा क्षेत्र नं. २

सप्तरीमा अहिले निर्वाचनको माहोल निकै तातेको छ । यस जिल्लाको ४ वटा निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. २ मा जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र र जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतबीच कडा प्रतिष्पर्धा हुने भएको छ । यी दुबै राष्ट्रिय अध्यक्षलाई लोसपाका केन्द्रिय सदस्य जयप्रकाश ठाकुरले पनि कडा टक्कर दिने अनुमानग गरिएको छ । यसरी दुई दुई मधेश केन्द्रित दलका राष्ट्रिय अध्यक्ष एउटै क्षेत्रबाट भिड्ने भएकाले यसलाई जिल्लावासीले मात्र नभएर देशवारीले निकै महत्वका साथ हेरिरहेका छन् । दुबै अध्यक्षले एउटै क्षेत्रबाट उम्मेदवारी दिएपछि अहिले दुबै पार्टी जोडतोडका साथ चुनावी अभियानमा जुटेका छन् ।

२०७४ सालको प्रतिनिधिसभा सदस्यमा यस क्षेत्रबाट जसपाका अध्यक्ष उपेन्द्र यादवले जितेका हुन् । उनले दोहऱ्याएर यस क्षेत्रबाट उम्मेदवारी दिएका छन् भने डा. राउतले पहिलो पटक चुनावी प्रतिष्पर्धामा छन् । यस्तै लोसपाका ठाकुरको पनि यो दोश्रो चुनाव हो । जसपा अध्यक्ष यादव जसपा-एमाले गठबन्धनका उम्मेदवार हुन् भने जनमतका अध्यक्ष राउतले कसैसँग गठबन्धन नगरि एक्लै उम्मेदवारी दिएका छन् । यस्तै लोसपाका ठाकुर सत्तारुढ गठबन्धनका साँझा उम्मेदवार हुन् । यसरी चुनावी माहोल हेर्दा त्रिपक्षिय भिडन्त हुने प्रवल सम्भावना देखिएको छ ।

जिल्लाको यस क्षेत्रमा अत्यन्त कडा प्रतिष्पर्धा हुने भएकाले जनता अहिले मौन बसेका छन् । यो क्षेत्रमा सप्तरी सदरमुकामा राजविराज पनि पर्दछ । तसर्थ यस क्षेत्रका जनता अहिले हेर र पर्खको अवस्थामा रहेकोले आउँदो मंसिर ४ गते हुने निर्वाचनमा कस्तो परिणाम आउने भन्ने बारे कसैले आकलन समेत गर्न सकेको छैन ।

# स्मार्ट बन्दैछन् खानेपानी संस्था, उपभोक्ता र व्यवस्थापकमा यसरी आयो परिवर्तन

**रमेश लम्साल**
काठमाडौँ, ३० असोज (रासस) ।

सूचना तथा प्रविधिको प्रयोगले हरेक क्षेत्रमा सहजता प्रदान गरेको छ । दैनिक काम कारबाहीमा समेत यसले गुणात्मक परिवर्तन गरिदिएको छ । विभिन्न क्षेत्रमा प्रविधिको प्रयोगमा विस्तार भइरहेको बेला देशभित्र सञ्चालित खानेपानी संस्था तथा उपभोक्ता समिति क्रमशः डिजिटलाइज हुँदै गएका छन् ।

केही वर्ष अघिसम्म परम्परागत र ढड्डामा विवरण राखेर सेवा प्रदान गरिरहेका संस्था अहिले कम्प्युटराइज हुनुका साथै खानेपानीसँग सम्बन्धित विभिन्न सफ्टवेयर प्रयोग गरेर अत्याधुनिक बन्दै गएका छन् । हालसम्म देशभरका छ सयभन्दा बढी खानेपानी तथा उपभोक्ता समिति डिजिटलाइज भइसकेको सरकारी विवरण छ । हाल ६८ जिल्लाका ११ लाख घरधुरी र करिब ४६ लाख जनसङ्ख्यामा यस्तो डिजिटलाइज सेवा पुगिसकेको छ । ती समितिले दियालो टेक्नोलोजीले विकास गरेको वाटरमार्क नामक सफ्टवेयर प्रयोग गर्दै आएका छन् ।

नेपालको फिनटेक कम्पनी दियालोले खानेपानीको क्षेत्रमा आवश्यक पर्ने विभिन्न सफ्टवेयर तथा प्रविधिको विकास गर्दै आइरहेको छ । दियालोले मिटर रिडिङ मोबाइल एप, बिलिङ व्यवस्थापन, एसएमएस प्रणाली, अनलाइन भुक्तानी, जिन्सी व्यवस्थापन, लेखा प्रणाली, मानव संशाधन प्रणाली, पानी चुहावट विश्लेषण प्रणाली, प्रयोगशाला व्यवस्थापन प्रणाली, पम्प कन्ट्रोल प्रणाली, भूमिगत तहको पानी विश्लेषण गर्ने प्रविधि, पानीको तह मापन गर्नेलगायतका प्रणाली तथा प्रविधिको विकास गरेको छ । यस्तै कतिपय प्रविधि निर्माणको अन्तिम चरणमा छन् । यी प्रविधि प्रयोग गरी खानेपानी संस्था डिजिटलाइज बन्नुका साथै अत्याधुनिक सेवा प्रदान गर्न सक्षम हुँदै गएका छन् । देशभित्रै सबैभन्दा ठूलो उपभोक्ता समितिमध्येको एक कावासोती खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था नवलपुरका व्यवस्थापक बाबुराम ज्ञवालीले प्रविधिको प्रयोगले आश्चर्यजनक परिवर्तन ल्याएको बताउनुभयो ।

मानिसले गर्नुपर्ने कतिपय काम सहजैरूपमा प्रविधिको प्रयोगबाट भएका छन् । पानी खोल्न वा बन्द गर्न प्रत्यक्षरूपमा जानु पर्दैन भने पानीको गुणस्तरसमेत पत्ता लगाउन सजिलो भएको छ । जमिनमुनिको पानीको सतहसमेत सेन्सरको सहयोगले पत्ता लगाउने गरिएको छ ।

कति समय पानी तानियोदेखि उपभोक्ताको घरमा के-कति पानी पठाइयो भन्ने विवरणसमेत मोबाइल एपको माध्यमबाटै हेर्न सकिने ज्ञवालीको भनाइ छ । उपभोक्ताले समेत पानीको बिल तिर्न खानेपानीको कार्यालय वा उपभोक्ता समितिको कार्यालय पुग्नु पर्दैन । मोबाइलमार्फत अनलाइन माध्यमबाटै बिल तिर्न सक्छन् । आगामी तीन महिनाभित्र कुनै पनि कामका लागि अब मानवीय उपस्थिति नै नभए पनि हुने गरी प्रबन्ध गर्ने गरी थप तयारी भइरहेको ज्ञवालीको कथन छ ।

प्रविधिको प्रयोगले खानेपानी संस्थाहरू परदर्शी र उपभोक्ताप्रति जवाफदेहीसमेत हुँदै गएको उपभोक्ताहरूको अनुभव छ । नेपालको वर्तमान नीतिअनुसार कुनै पनि खानेपानी योजना निर्माण गर्दा स्थानीय उपभोक्ता समितिको संलग्नता अनिवार्य रहेको छ । नेपालमा यस्ता उपभोक्ता संस्था ४२ हजार बराबर रहेका छन् ।

तीमध्ये करिब १६ हजार चार सय संस्था मात्र दर्ता छन् । दर्ता भएकामध्ये ११ हजार आठ सय २८ वटा संस्था सञ्चालनमा छन् । यीमध्ये पनि नियमित बैठक बस्ने, आवधिकरूपमा साधारणसभा गर्ने, संस्थाको हरहिसाब पारदर्शी राख्ने समिति त झन् निकै न्यून छन् । प्रविधिको प्रयोग नभएका समितिमा आवश्यक सही तथ्याङ्क निकाल्न समस्या हुने, निर्णय गर्न ढिला हुनेजस्ता समस्या देखिने गरेका छन् । परम्परागत ढङ्गले सञ्चालन हुँदा संस्थालाई चुस्तदुरुस्त राख्न नसक्ने, पारदर्शी नहुने, समितिमा विवाद हुनेजस्ता समस्या देखिँदै आएका थिए । त्यसलाई सही मार्गमा ल्याउन पनि प्रविधिको प्रयोग नै उत्तम विकल्प हुनसक्ने उपभोक्ता लक्ष्मण जोशीको भनाइ छ ।

प्रविधिको प्रयोग गर्दा ढड्डा, फाराम, रसिदजस्ता कगजी वस्तुको प्रयोग गर्दा जस्तो समस्या नआउने खानेपानी समितिका सञ्चालकको अनुभव छ । प्रविधिको प्रयोग भएका खानेपानी समितिले हाल चुस्तदुरुस्त सेवा मात्र दिएका छैनन् कि ती समितिमा पारदर्शिता कायम हुनुका साथै उपभोक्तामा जवाफदेही सेवासमेत भइरहेको छ ।

प्रविधिको प्रयोग गरेका खानेपानी समितिका उपभोक्तालाई समेत निकै सहजता भइरहेको छ । उपभोक्ताले आफ्नो खानेपानीको महसुलको बिल पनि आफ्नो मोबाइलबाटै जानकारी पाएका छन् । महसुल मोबाइलबाटै भुक्तानी गरिरहेका छन् । जसले गर्दा उनीहरूको समय र खर्च दुवै बचत भइरहेको छ । हाल मासिक तीन लाख ५० हजारभन्दा बढी घरधुरीले मोबाइलबाटै आफ्नो महसुल भुक्तानी गरिरहेका छन् । काठमाडौँको चन्द्रागिरि नगरपालिकाका केही खानेपानी उपभोक्ता समितिले पनि यस्तै प्रविधिको प्रयोग गरेका छन् । चन्द्रागिरि नगर विकास समिति मातहतको खानेपानी, टोखा खानेपानी, महादेवस्थान र तीनथाना खानोपानीमा यस खालका प्रविधिको प्रयोग गरिएको छ । यसबाट आफूहरूलाई असाध्यै सहज भएको उपभोक्ता जोशीको अनुभव छ ।

**यस्ता छन् खानेपानी क्षेत्रमा प्रयोग भएका सफ्टवेयर**

**मिटर रिडिङ मोबाइल एप** : मिटर रिडिङ मोबाइल एप हाल खानेपानी समितिमा सञ्चालनमा रहेको छ । मिटर रिडिङ मोबाइल एपले पिओएस मेसिनमार्फत घरघरमै पुगेर थर्मल पेपरमा ग्राहकले तिर्नुपर्ने रकम प्रिन्ट गरेर दिन्छन् । मिटर रिडिङ गरेको र रकम भुक्तानी लिएको विवरण कुनै पनि स्थानबाट सिधै सफ्टवेयरमा अपडेट हुन्छ । यस सुविधाबाट मिटर रिडिङ र महसुल सङ्कलनको कामलाई पारदर्शी बनाएको छ । यसअघि कागजी बिल प्रयोग गर्दा बिल हराउने, कार्यालयको ढड्डामा अपडेट गर्न बिर्सिनेजस्ता समस्या आउने गरेका थिए । सिधै सफ्टवेयरमा अपडेट हुने हुँदा यसबाट ग्राहक र खानेपानी समितिलाई काम गर्न सहज भएको छ ।

त्यस्तै बिलिङ व्यवस्थापन प्रणाली पनि हाल सञ्चालनमा छ । यस प्रणालीमा ग्राहकको सम्पूर्ण जानकारी (केवाइसी) विवरण रहेको हुन्छ । यस प्रणालीमा खानेपानी महसुलको छुट तथा जरिवाना व्यवस्थापन हुन्छ । यसमा खानेपानीको दर पनि समावेश हुन्छ । यसबाट खानेपानीको उपभोग, आम्दानी विश्लेषण गर्नुका साथै ग्राहकको परिचयपत्र बनाउन सकिन्छ ।

पहिले-पहिले हरेक ग्राहकको छुट्टाछुट्टै फारम रहन्थे । ती फारम कहिले हराउने, कहिले च्यातिनेजस्ता समस्या आउँथे । फारम हराउने, अव्यवस्थित हुँदा आफ्नै ग्राहक हो कि होइन भनेर चिन्न नसक्ने अवस्था पनि आउँथ्यो । तर यस प्रणाली राखिसकेपछि सबै विवरण दुरुस्त हुन्छ ।

कसैले आफ्ना नजिकका व्यक्तिलाई ग्राहक नै नबनाई निःशुल्क पानी दिनसक्ने, आवश्यकताभन्दा बढी छुट दिनेजस्ता गलत क्रियाकलापलाई पनि यस प्रणालीले नियन्त्रण गर्छ । यो प्रणाली भएपछि ढड्डामा केरमेट गर्ने, हराउने समस्याको निराकरण हुन्छ भने एक क्लिकमा सम्पूर्ण विवरण प्राप्त गर्न सकिन्छ । यसमा खानेपानीको रकम कति उठ्यो, बक्यौता कति उठ्न बाँकी छ जस्ता कुरा सहजै राख्न सकिने हुँदा पारदर्शी हुन्छ ।

एसएमएस सिस्टमले ग्राहक र समितिका बीचमा पुलको काम गरेको छ । यसअघि साधारणसभा गर्नुपरेमा अथवा कुनै सूचना ग्राहकका बीचमा पुऱ्याउनुपरेमा सबै ग्राहकलाई पत्राचार गर्नुपर्दथ्यो । तर अहिले यस सिस्टमले सबै ग्राहकका बीचमा एसएमएसमार्फत एकैपटक सूचना सम्प्रेषण गर्न सकिन्छ । साथै यस प्रणालीले खानेपानीको महसुल नतिरेको अवस्था अथवा जरिवाना लागेको अवस्थामा सिस्टमले नै सूचना उपलब्ध गराउँछ ।

**अनलाइन भुक्तानी**

अनलाइन भुक्तानी प्रणालीले गर्दा आम उपभोक्तालाई महसुल भुक्तानी गर्नका लागि खर्चनुपर्ने समय र खर्चको बचत भएको छ । खानेपानी समितिका कार्यालय केही किलोमिटरको दूरीमा हुँदा सवारीसाधन चढेर कार्यालयमा गई लाइन बस्नुपर्ने झन्झटबाट मुक्ति मिलेको छ । उपभोक्ताले आफ्नो मोबाइलमार्फत सहजै खानेपानीको महसुल भुक्तानी गर्न सक्छन् । हाल ६० भन्दा धेरै बैंक तथा वित्तीय संस्था, इसेवा, खल्ती, आइएमईलगायतका भुक्तानी प्रदायकमार्फत सहजै महसुल भुक्तानी गर्न सकिन्छ । खानेपानी क्षेत्रमा रहेका विभिन्न प्रणालीमध्ये लेखा प्रणाली पनि एक प्रमुख प्रणाली हो । हाल यो प्रणाली सञ्चालनमा रहेको छ । यो प्रणालीले संस्थाको आम्दानी खर्च, सम्पत्ति दायित्व, नाफा-नोक्सान, आर्थिक अवस्थालगायतका सबै विवरण हेर्छ । यो प्रणाली नेपाल लेखामानकअनुसार विकास गरिएको छ । यो प्रणाली खानेपानी सफ्टवेयर, एसएमएस, मिटर रिडिङलगायतका सबै प्रणालीसँग जोडिएको हुँदा यसले हरेक विषयलाई पारदर्शी बनाउन सहयोग पुगेको दियालो टेक्नोलोजिज प्रालिका प्रमुख कार्यकारी अधिकृत परशुराम (पीआर) खनालको भनाइ छ । यो प्रणाली क्लाउड बेस टेक्नोलोजीमा आधारित रहेको हुँदा सञ्चालक समिति अथवा खानेपानी व्यवस्थापकले कुनै पनि स्थानमा बसेर संस्थाको हिसाब-किताब हेर्न सक्ने उहाँको भनाइ छ ।

जिन्सी व्यवस्थापन प्रणालीमार्फत संस्थामा कुन सामान, कति मात्रामा मौज्दात छ, कति खरिद-बिक्री भए, कति फिर्ता भए, कति मर्मतसम्भारमा प्रयोग भएजस्ता सबै विवरण उल्लेख हुने हुँदा जिन्सी तथा सामानको अपचलन हुने कुरालाई निराकरण गर्छ । मौज्दात परीक्षण गर्न सकिने सुविधाले मौज्दात नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाएको प्रमुख कार्यकारी अधिकृत खनाल बताउनुहुन्छ ।

त्यस्तै भौगोलिक सूचना प्रणालीले खानेपानीको प्रसारण र वितरण पाइपलाइन तथा अन्य संरचनाको भौगोलिक अवस्थितिको जानकारी दिन्छ । यसैगरी मर्मतसम्भारका लागि पाइपलाइन गाडिएका स्थान, च्याम्बर, भल्व, ट्याङ्की, ग्राहकको घरजस्ता खानेपानीका सम्पत्तिलगायतका सबै

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician

कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वित्तीय सुशासन कायम र आचारसंहिताको अनुगमनमा कडाइ गर्न प्रमुख आयुक्तको निर्देशन

काठमाडौँ, ३० असोज (रासस) ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा वित्तीय सुशासन कायम र आचारसंहिताको अनुगमनमा कडाइ गर्न जिल्ला आचारसंहिता अनुगमन अधिकृत एवं कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरुलाई निर्देशन दिनुभएको छ ।

आशन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोग र महालेखा नियन्त्रकको कार्यालयले आइतबार भर्चुअलरूपमा आयोजना गरेको निर्वाचन व्यवस्थापनमा आर्थिक प्रशासनसम्बन्धी अन्तर्क्रियामा प्रमुख आयुक्त थपलियाले निर्वाचनमा वित्तीय सुशासन कायम गराएर निर्वाचनको विश्वसनीयता बढाउन आग्रह गर्नुभएको हो ।

"आचारसंहिताको पूर्ण परिपालनामा तपाईंहरूको सक्रिय भूमिका रहोस् र यस निर्वाचनलाई शून्य बेरुजू भएको निर्वाचनका रुपमा मानक स्थापित गर्न सकियोस् भन्ने हाम्रो विश्वास रहेको छ ।" प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचन भड्किलो नहोस् भन्ने हाम्रो लक्ष्य हो । यस लक्ष्य प्राप्तिका सारथी तपाईंहरू हुनुहुन्छ । राजनीतिक दल र उम्मेदवारले खर्च गर्न पाउने निर्धारण गरिएको निर्वाचन खर्चको हदको उलङ्घन र आचारसंहिताको पालना नभएको सम्बन्धमा तत्काल कारवाही प्रक्रिया अघि बढाउन आयोगबाट विश्वासको साँचो सुम्पिएको छ । त्यसको पूर्ण उपयोग हुने विश्वास हामीले लिएका छौँ ।"

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को दफा ३२ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रुपमा तोकिसकेको छ । ती अधिकृतले जिल्ला आचारसंसहिता आयोग र सम्बन्धित जिल्ला आचारसंहिता अनुगमन समितिप्रति उत्तरदारदायी भई आफ्नो निर्वाह गर्न अधिकार दिइएको छ ।

कार्यक्रममा निर्वाचन आयुक्त डा जानककुमारी तुलाधरले आर्थिक व्यवस्थापन, सुशासन र वित्तीय उत्तरदायित्वसम्बन्धी विषयमा कोष तथा लेखा नियन्त्रण कार्यालयका कर्मचारीहरू जिम्मेवार रहने बताउनुभयो । उहाँले निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, भयरहित, पारदर्शी र मितव्ययी बनाउन आयोग कटिबद्ध रहेकाले निर्वाचनल सफल बनाउन आयोगको मात्रै नभई सम्बन्धित सबै पक्षको भूमिका आवश्यक भएको बताउनुभयो । महालेखा नियन्त्रक हरिप्रसाद मैनालीले निर्वाचन व्यवस्थापन, अनुगमन र आर्थिक सुशासनका लागि सम्बन्धित अधिकृतहरूले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आग्रह गर्नुभयो ।

आयोगका सचिव गोकर्णमणि दुवाडी, सहसचिवहरू सहभागी कार्यक्रममा अनलाइन माध्यमबाट कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख र अधिकृतहरू सहभागी हुनुभएको थियो ।

## स्मार्ट बन्दैछन् ...

विवरण उपलब्ध गराउँछ ।

पानी चुहावट विश्लेषण गर्ने प्रविधि पनि हाल सञ्चालनमा छ । यसमा स्रोतबाट खानेपानी कति उत्पादन भयो, ट्याङ्कीमा पानी कति जम्मा भयो, उपभोक्ताले कति उपभोग गरे र कति चुहावट भयो भन्ने सबै कुरा उल्लेख हुन्छ । यसले दिने तथ्याङ्कका आधारमा चुहावट भइरहेको स्थानसमेत सहजै पत्ता लगाउन सकिने खनालको भनाइ छ । त्यस्तै पानी ट्याङ्की सफा गर्दा कति पानी खेर गयो, उत्पादन र उपभोगको विश्लेषणलगायतका सबै विवरण हेर्न सकिन्छ । पानी चुहाहट नियन्त्रण गर्न सहज हुने हुँदा घर-घरमा खानेपानीको आपूर्ति बढाउन सहयोग पुग्छ ।

यसैगरी प्रयोगशाला व्यवस्थापन प्रणाली पनि हाल सञ्चालनमा छ । यसले खानेपानीको स्रोत, वितरण प्रणालीका विभिन्न खण्डमा खानेपानीको गुणस्तर स्वचालितरूपमा मापन, विश्लेषण तथा सम्प्रेषण गर्दछ । यसमा आम उपभोक्ताले मोबाइबाटै आफूले प्रयोग गरिरहेको पानीको गुणस्तर हेर्न सक्छन् । जसले गर्दा हरक्षण खानेपानीको गुणस्तर मापन भइराख्छ भने शुद्ध र सफा पानी उपभोग गर्न पाइन्छ ।

पम्प कन्ट्रोल प्रणालीले स्वचालितरूपमा पम्प अन र अफ गर्छ । यसअघि पम्प खोल्न वा बन्द गर्न निरन्तररूपमा जनशक्ति लाग्थ्यो । तर यो प्रणाली जडान गरेपछि पम्प अन अफ गर्न कुनै मानिसको आवश्यकता पर्दैन । यसले ट्याङ्की खाली हुँदा अटोमेटिकरूपमा पम्प अन हुन्छ भने ट्याङ्की भरिएपछि आफैं अफ हुन्छ । जसले गर्दा पम्प सञ्चालन नहुँदा पानी नपाइने र पानी भरिएपछि खेर जानेजस्ता समस्याको निराकरण हुने गरी प्रविधिको विकास गरिएको दियालो टेक्नोलोजिजको भनाइ छ । यस प्रणालीमा पम्पबाट कति पानी उत्पादन भयो, पम्प कति घण्टा चल्योजस्ता सबै विवरण हेर्न सकिन्छ भने पम्प सञ्चालन खर्चमा समेत कमी आउँछ । पम्पलाई मोबाइल र सफ्टवेयरबाट नियन्त्रण गर्न सकिन्छ ।

ग्राहक गुनासो व्यवस्थापन प्रणालीले मोबाइल एपमार्फत नै ग्राहकले आफ्ना गुनासो राख्न सक्छन् भने कर्मचारीले गुनासाको समाधान गर्छन् । समितिले संस्थामा के-कति र कस्ता गुनासा आएका छन्, कति सम्बोधन भए भनेर सबै विवरण हेर्न सक्छन् । यसले गर्दा संस्थालाई जवाफदेही बन्न सहयोग पुऱ्याउँछ ।

**भूमिगत पानीको तह विश्लेषण**

यस प्रणालीले जमिनको सतहमुनि कति पानी छ, यो पानीले कति समयसम्म पुग्छ, जमिनमा पानी पुन जम्मा भइरहेको छ कि, छैन जस्ता कुराको विश्लेषण गर्छ । पानीको स्रोत कति घटिरहेको छ, हरेक महिना, वर्ष कति पानी घटिरहेको छ, पानी सुक्दै गइरहेको छ या पुन: जम्मा पनि भइरहेको छ भन्ने कुराको विश्लेषण हुने हुँदा पानीको स्रोत कहिले सुक्न सक्छ भन्ने पूर्वानुमान गर्न सकिन्छ । यसले गर्दा भविष्यमा आउने पानीको सङ्कट समाधान गर्न वैकल्पिक स्रोत व्यवस्थापनमा रणनीति बनाउन सकिन्छ ।

**मोबाइल एप**

ग्राहक र खानेपानी समितिका लागि छुट्टाछुट्टै विशेषता भएका मोबाइल एप्लिकेशनको विकास गरिएको खनालले बताउनुभयो । ग्राहकका लागि ग्राहक सूचना प्रणाली र सञ्चालक तथा व्यवस्थापनका लागि खानेपानी ज्ञान प्रणालीको विकास गरिएको छ । ग्राहक सूचना प्रणालीमा ग्राहकले संस्थाका सूचना, जानकारी पढ्ने, एपबाटै महसुल भुक्तानी गर्ने, संस्था र समितका सम्पर्क नम्बर हेर्ने, खानेपानीको महसुल विवरण हेर्ने, मिटर रिडिङ विवरण हेर्ने, खानेपानीको गुणस्तर हेर्ने, खानेपानी वितरण तालिका हेर्ने, खानेपानीको गुनासो तथा सेवा अनुरोध गर्नेजस्ता कुरामा सहजता ल्याएको उहाँको भनाइ छ । खानेपानी ज्ञान प्रणालीले संस्थाको विभिन्न महत्वपूर्ण सूचकहरू बिलिङ, महसुल सङ्कलन, लेखा, जिन्सी, गुनासो, पानी चुवाहट, गुणस्तर, पम्प नियन्त्रण, कर्मचारीलगायतका सबै विषयमा निर्णय गर्न आवश्यक पर्ने सबै सूचना मोबाइलबाटै प्राप्त गर्न सकिन्छ ।

इलेक्ट्रो म्याग्नेटिक फ्लोमिटर जस्तो प्रविधि पानीको स्रोतमा जडान गर्दा स्वचालितरूपमा प्रतिसेकेण्ड कति पानी उत्पादन भएको छ भनेर वास्तविक समयमै जानकारी पाउन सकिन्छ । जसका आधारमा उत्पादनको मात्रा विश्लेषण गरी पानी आपूर्ति प्रणालीलाई व्यवस्थित गर्न सकिन्छ ।

ट्याङ्कीको पानी तह मापन प्रविधिले खानेपानी ट्याङ्कीमा कति पानी छ भनेर हेर्न सकिन्छ । यस आधारमा कति वितरण गर्ने, कति पानी स्रोतबाट थप्ने, घटाउने आदि कुराको नीति बनाउन सहज बनाउँछ । खानेपानी क्षेत्रका संस्थालाई अत्याधुनिक र अन्तर्राष्ट्रियस्तरको बनाउन दियालो टेक्नोलोजीले निकट भविष्यमै स्मार्ट मिटर प्रविधि, खानेपानीको स्रोतको सुरक्षा प्रणाली, खानेपानी मर्मतसम्भार प्रणाली, गेटभल्भ अटोमेशनजस्ता प्रणाली सञ्चालनमा ल्याउने तयारी गरेको प्रमुख कार्यकारी अधिकृत खनालले जानकारी दिनुभयो ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### टर्कीमा खानी विस्फोटमा मृत्यु हुनेको संख्या चालिस पुग्यो

अङ्कारा, ३० असोज (रासस/सिन्ह्वा) ।

टर्कीको उत्तरी बार्टिन प्रान्तमा शुक्रबार राति भएको खानी विस्फोटमा परी मृत्यु हुने व्यक्तिको संख्या ४० पुगेको छ । यहाँका सुरक्षा अधिकारीले दिएको जानकारीअनुसार गत शुक्रबार राति भएको सो विस्फेटमा परी आतइबार विहानसम्ममा कम्तीमा पनि ४० पुगेको बताइएको हो । टर्कीका आन्तरिक मामिलासम्बन्धी मन्त्री सुलेमल सोइलुले आइतबार सो जानकारी दिनुभएको हो । उहाँका अनुसार सो खानीमा भएको विस्फोटमा परेर एक सय १० जना च्यापिएका थिए ।

तीमध्ये आइतबारसम्म कम्तीमा पनि ४० जनाको ज्यान गएको मन्त्री सोइलुले सो खानी विस्फोटमा परेर अरु केही व्यक्ति अझै हराइरहेका पनि जानकारी दिनुभएको छ । सो दुर्घटनामा परेर घाइते भएकाको उपचार जारी रहेको बताइएको छ । खानीमा विस्फोट भएपछि आगा लागेको थियो । खानीमा नै आगलागी भएपछि केहीको जलेर मृत्यु भएको तियो भने अरु केही व्यक्तिलाई तत्कालै उद्धार गरेर खानीबाट बाहिर निकालिएको थियो । सो क्षेत्रमा रहेका खानीमा आवश्यका मात्रामा सुरक्षाको प्रबन्ध हुन सक्दा नागरिकको ज्यान जाने क्रम भने रोकिएको छैन ।

### रुसी सैन्य स्थलमा 'आतङ्कवादी हमला' एघारको मृत्यु, पन्ध्र घाइते

मस्को, ३० असोज (रासस/एएनआई) ।

बेल्गोरोड क्षेत्रमा रुसी सैन्य स्थलमा शनिबार भएको आतङ्कवादी हमलामा परी कम्तीमा ११ को मृत्यु हुनुका साथै १५ जना घाइते भएका छन् ।

युक्रेननजिकैको रुसी सेनाको सैन्य स्थलमा दुई स्वयंसेवी सैनिकले अन्य सेनामाथि गोली हानेका रुसी रक्षा मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले एक विज्ञप्तिमा उक्त गोलीबारी युक्रेनसँग सीमा जोडिएको दक्षिणपश्चिमी रुसको बेल्गोरोड क्षेत्रमा भएको जनाएको छ ।

अज्ञात भूतपूर्व सोभियत राष्ट्रका दुई स्वयंसेवकले लक्ष्य अभ्यासको क्रममा अन्य सैनिकलाई गोली हाने र जवाफी गोली प्रहारमा मारिए जनाइएको छ । मन्त्रालयले यस घटनालाई आतङ्कवादी हमला भनेको छ ।

रूसी रक्षा मन्त्रालयलाई उद्धृत गर्दै तास समाचार समितिले पश्चिमी सैन्य जिल्लामा प्रशिक्षण सत्रको क्रममा शनिबार आक्रमण भएको हो । बन्दुकधारी पूर्वसोभियत राज्यका थिए । रुसी अधिकारीले उक्त हमलालाई आतङ्कवादी कार्यको संज्ञा दिएका छन् ।

### बाढीको विनाशपछि पाकिस्तान पुन:निर्माणको महत्वपूर्ण चरणमा

इस्लामावाद, ३० असोज (रासस/सिन्ह्वा) ।

जलवायु परिवर्तनले गर्दा आएको विनाशकारी बाढीपछि पुन:प्राप्तिको बाटोमा अघि बढिरहेको बेला पाकिस्तान अहिले एक नाजुक घडीमा उभिएको पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले विश्व खाद्य दिवसको अवसरमा बताउनु भएको छ ।

विश्वव्यापी भोकमरी, कुपोषण र सबैका लागि खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्न सामूहिक कार्यको आवश्यकताबारे चेतना जगाउने उद्देश्यले यो दिवस मनाइदै आएको प्रधानमन्त्रीले आइतबार जारी गरेको विज्ञप्तिमा भन्नुभएको छ ।

यस वर्षको नारा 'कसैलाई पछाडि नछोड्नुहोस'ले हामीलाई गरिबी र भोक अन्त्य गर्न सामूहिकरूपमा सङ्घर्ष गर्न, हामीले छनौट गर्ने खाना र त्यसको उपभोग गर्ने तरिकाले हाम्रो, स्वास्थ्य र हाम्रो ग्रहलाई असर गर्छ भन्ने महसुस गराउँछ," उहाँले भन्नुभएको छ ।

शरीफले भने कि यस वर्षको मनसुनमा विनाशकारी बाढीले पाकिस्तानमा तीन करोड ३० लाखभन्दा बढी मानिसलाई असर गरेको छ र यसले पशुधन, खडा बाली र अत्यावश्यक पूर्वाधारको क्षति गरेको छ ।

पाकिस्तानको कृषि क्षेत्रको क्षति विश्वभरि पनि महसुस हुने बताउँदै उनले बाढीले नष्ट पारेको कपास, चामलको विश्वको शीर्ष उत्पादक र निर्यातकर्तामध्ये पाकिस्तान रहेको बताउनुभएको छ ।

परिस्थिति निस्सन्देह धेरै चुनौतीपूर्ण छ, यद्यपि, पाकिस्तान गरिबी अन्त्य गर्ने, स्वास्थ्य, शिक्षामा सुधार गर्ने र आर्थिक वृद्धिलाई प्रोत्साहित गर्ने संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य प्राप्त गर्न पूर्णरूपमा प्रतिबद्ध छ," प्रधानमन्त्रीले भन्नुभएको छ ।

# नागरिकतापीडितका समस्या निर्वाचन घोषणापत्रमा सम्बोधन गर्न माग

काठमाडौँ, ३० असोज (रासस) ।

बाबुआमाको जन्मसिद्ध नागरिकताको प्रमाणपत्र भएर पनि वर्षौंदेखि नागरिकता नपाएका पीडितले यो विषयलाई आगामी निर्वाचनको घोषणापत्रमा समावेश गर्न माग गरेका छन् ।

महिला, कानून र विकास मञ्चले आइतबार यहाँ आयोजना गरेको 'आसन्न निर्वाचनका सन्दर्भमा नागरिकताबाट वञ्चित व्यक्तिको सरोकार' विषयक सञ्चारकर्मीसँगको छलफल कार्यक्रममा नागरिकता पीडितले समस्या समाधान गर्ने सम्बन्धमा राजनीतिक दलको विचार घोषणापत्रमै उल्लेख हुनुपर्नेमा जोड दिएका हुन् ।

धनुषाको गणेशनाथ नगरपालिका वडा नं ३ भरतपुरका २९ वर्षीय इन्द्रजीत साफी डेरा र होटलमा बास बस्नसमेत नागरिकता चाहिने अवस्थामा नागरिकता पीडितले पाइलापाइलामा समस्या भोग्ने गरेको गुनासो गनुभयो ।

यो समस्याका विषयमा राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्रीलगायतलाई ज्ञापनपत्र दिइए पनि समस्या समाधान नभएकाले राजनीतिक दलले नागरिकता पीडितका समस्या समाधान गर्नेबारेमा ठोस नीति ल्याउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

नागरिकता पीडितले साफीको नेतृत्वमा सङ्घर्ष समिति गठन गरेर १५ जिल्लाका नागरिकताविहीनलाई सङ्गठित गरेका छन् । उक्त समितिले पनि विभिन्न दबाबमूलक कार्यक्रम आयोजना गर्दै आएको छ ।

उहाँले भन्नुभयो, "माइतीघरमा धर्नामा बस्दा भारतीय भनेर हाम्रो आत्मसम्मान र स्वाभिमानमा ठेस लगाउने काम भयो, संसद्को दुवै सदनबाट पारित विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नुभएन, विसं २०७८ जेठमा यही विषय अध्यादेशबाट आउँदा केही छिनमै स्वीकृति दिने राष्ट्रपतिले संसद्बाट दुईपटक पारित भएको विधेयक भने प्रमाणीकरण गर्नुभएन ।"

खोटाङका २२ वर्षीय प्रतीक सुनारको समस्या पनि उस्तै छ । सुनारका बाबुको वंशजको नागरिकता भए पनि हाल हङकङमा रहेकाले सनाखत गर्न आउन नसकेर उहाँले नागरिकता पाउनुभएको छैन । आमा नेपालमै भए पनि सनाखतका लागि जिल्ला प्रशासन कार्यालयले बाबुलाई नै खोजेको छ । बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका आधारमा अरुले सनाखत गरेकाले उहाँले नागरिकता पाउन सक्नुभएन ।

झापाका २५ वर्षीय परहत बानुले राम्रो रोजगारी पाउने आशामा एयर होस्टेसको कोर्स पूरा गरे पनि नागरिकताको अभावमा अहिलेसम्म बेरोजगार भौंतारिन बाध्य हुनुपरेको छ । सानी छोरीलाई विद्यालयमा भर्ना गर्न जन्मदर्ता खोजेको र नागरिकता नहुँदा विवाह एवं जन्मदर्ताको प्रमाणपत्र पाउन नसकेकाले समस्या भोग्न बाध्य हुनुपरेको उहाँले सुनाउनुभयो ।

नागरिकता नपाएर पीडित हुने यी तीन त प्रतिनिधि पात्रमात्र हुन् । जन्मसिद्ध नागरिकता पाएकाका सन्तति पाँच लाख र एकल आमाका सन्तान छ लाख गरी ११ लाख नागरिक अहिले नागरिकताविहीन रहेको मञ्चका कार्यकारी निर्देशकसमेत रहनुभएका अधिवक्ता सविन श्रेष्ठले बताउनुभयो । यो समस्या समाधानका लागि आगामी निर्वाचनअघि जारी हुने घोषणापत्रका माध्यमबाट सम्बोधन गर्न आग्रह गरिएको पनि उहाँले सुनाउनुभयो ।

# प्रत्यक्षतर्फ ४४ लाख मतपत्र छपाइ

काठमाडौँ, ३० असोज (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित प्रणाली (प्रत्यक्ष) तर्फ हालसम्म ४४ लाख २१ हजार मतपत्रको छपाइ सकेको छ ।

छपाइ भएकामध्ये प्रदेशसभा सदस्य निर्वाचनका लागि २१ लाख ३८ हजार र प्रतिनिधिसभा सदस्य निवाचनका लागि २२ लाख ५६ हजार मतपत्र रहेका छन् ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ यसअघि नै सकिएको छ ।

हाल जिल्ला जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी भइरहेको छ । आजसम्म ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुलीसहित २८ जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी भइसकेको छ ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रदेशसभातर्फ दुई करोड एक लाख ८४ हजार तथा प्रतिनिधिसभातर्फ दुई करोड चार लाख मतपत्र छापिएको छ । आयोगले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा उच्च सुरक्षासहित मतपत्र छपाइ भइरहेको छ ।

# को हुन् सत्यमोहन जोशी

पाटन, ३० असोज (रासस) ।

पिता शङ्करराज जोशी र माता राजकुमारीका सुपुत्रका रूपमा विसं १९७७ वैशाख ३० गते ललितपुरको बखुम्बहालमा जन्मनुभएका सत्यमोहन जोशीको आइतबार २०७९ असोज ३० गते ललितपुरको ग्वार्कोस्थित किष्ट अस्पतालमा निधन भएको छ । जोशीले विसं २०१३ मा लोकसंस्कृति ग्रन्थमा मदन पुरस्कार प्राप्त गर्नुभएको थियो ।

दोस्रो पटक नेपाली राष्ट्रिय मुद्रा नामक ग्रन्थमा विसं २०१७ मा र 'कर्णाली लोकसंस्कृति' नामक ग्रन्थका लागि विसं २०२८ मा मदन पुरस्कार प्राप्त गर्नुभएका जोशी विसं २०१५ मा पुरातत्व र संस्कृति विभागका पहिलो निर्देशक हुनुभएको थियो ।

जोशीले विसं २०१६ मा पाँचौं शताब्दीदेखि बीसौं शताब्दीसम्मको मुद्राको विस्तृत विवरणसहितको 'नेपाली मुद्रा' नामक पुस्तक प्रकाशित गर्नुभएको थियो ।

नेपाली भाषा, कला, संस्कृतिको संरक्षण, संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा लागि परेका हुनाले उहाँको योगदानको कदरस्वरूप जोशीलाई सुप्रबल गोर्खा दक्षिणबाहु विख्यात त्रिशक्ति पट्ट, आदिकवि भानुभक्त पुरस्कार, काठमाडौँ विश्वविद्यालयले विद्यावारिधिको मानार्थ प्रमाणपत्र प्रदान गरेको छ । नेपाल सरकारले पनि उज्ज्वल कीर्तिमान राष्ट्रदीपले सम्मानित गरेको छ । तीन पटकसम्म 'मदन पुरस्कार' जित्न सफल जोशीका प्रबन्ध तथा अनुसन्धानात्मक कृति नेपालीमा १०, नाटक पाँच, काव्य दुई र कथा सङ्ग्रह पाँच तथा नेवारी भाषामा गरी करिब ५० कृति प्रकाशित छन् ।

शताब्दी पुरुष जोशीले जीवनभर साहित्य, कलासंस्कृति र रङ्गमञ्चमा गरेका योगदानका विविध आयाम समेटेर कवि तथा लेखक अनिल पौडेलद्वारा लिखित 'जुरेली दर्शन' पुस्तक प्रकाशनमा छ । यस कृतिमा उहाँको जीवनी, भाषा, साहित्य, लोकसंस्कृति अन्वेषणलगायतका विषय समेटिएका छन् ।

उहाँका संस्कृतिसम्बन्धी १० पुस्तक प्रकाशित छन् । उहाँले दुई काव्य, पाँच कथा सङ्ग्रह, १० नाटक र केही नेवारी भाषाका कृति लेख्नुभएको छ । समालोचकले उहाँले ५० पुस्तक प्रकाशित भएको जनाएका छन् । तीमध्ये उहाँका २० पुस्तकलाई महत्वपूर्ण पुस्तक मानिएको छ ।

जोशीको एक सय वर्षको जन्मोत्सवमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखाले वाङ्मय शताब्दी पुरुष जोशीको तस्वीर अङ्कित चाँदीको सिक्का निस्काशन गरेको थियो । रु दुई हजार पाँच सयका २५ हजार थान, रु एक हजारका २५ हजार थान र रु एक सयका १० हजार थान सिक्कामा एकातिर जोशीको तस्वीर छ भने अर्कोतिर सगरमाथाको तस्वीर रहेको छ ।

काठमाडौँ विश्वविद्यालयबाट मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्राप्त गर्नुभएका वरिष्ठ साहित्यकार जोशीलाई विसं २०६९ मा 'पद्मश्री साधना सम्मान पुरस्कार' प्रदान गरिएको थियो । नेवारी परिवारमा जन्मिएका जोशीले १० वर्षसम्म नेपाली बोल्न जान्नुभएको थिएन ।

# भन्सार छलेका सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ७ मा भन्सार छलेर भारतबाट नेपालतर्फ ल्याउँदै गरेको विभिन्न सामानहरु प्रहरीले बरामद गरेको छ ।

ईलाका प्रहरी कार्यालय सखडाबाट खटेको प्रहरी टोलीले भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको किराना, बच्चाले लगाउने लत्ताकपडाहरु लगायतका सामानहरु बरामद गरेको जनाइएको छ ।

बरामद गरिएको सामानहरुलाई मुल्याङकन गरी आवश्यक कारवाहीको लागी राजविराज भन्सार कार्यालय तिलाठी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### क्षेत्र नं. ३ मा ...

सिताराम खंग, नेकपाका अचमित लाल चौधरी र हाम्रो नेपाल पार्टीका नविन कुमार मण्डल पनि चुनावी मैदानमा छन । यस्तै स्वतन्त्रबाट सीताराम मण्डल, रामचन्द्र साह, सुरेन्द्र यादव, महेन्द्र साह, दिपेन्द्र कुमार साह र श्रीकान्त राउत समेत गरी १८ जना चुनावी प्रतिस्पर्धामा भिड्दै छन ।

तर, मुख्य प्रतिस्पर्धा सत्तारुढ गठबन्धनका उम्मेदवार दिनेश कुमार यादव र विपक्षी जसपा-एमाले गठबन्धनका ताराकान्त चौधरीबीच नै हुने स्थानीय मतदाताहरुले अनुमान गरेका छन् ।

अघिल्लो निर्वाचनमा जित हासिल पारेका लोसपाका चन्द्रकान्त चौधरीको निकटत्तम प्रतिद्वन्दी रहेका काँग्रेसका यादव यस पल्ट लोसपा सहितको गठबन्धनका साझा उम्मेदवार रहेकाले यस पल्ट जित निकाल्ने एकथरीले अनुमान व्यक्त गरिरहेका छन भने अर्को थरिले जसपा-एमाले गठबन्धनका उम्मेदवार चौधरी पनि बलियो उम्मेदवार रहेको बताउँदै आएका छन् ।

यस क्षेत्रमा डाक्नेश्वरी नगरपालिका, शम्भुनाथ नगरपालिका, रुपनी गाउँपालिका, विष्णुपुर गाउँपालिका र राजगढ गाउँपालिका गरी ५ पालिका पर्दछ । हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा एमालेले २, तथा जसपा, लोसपा र एकिकृत समाजवादी पार्टीले १/१ प्रमुख पदमा जित हात पारेको छ ।

यस क्षेत्रमा ५४ हजार ८ सय ३६ पुरुष, ५० हजार ५० महिला र अन्य ६ हजार गरि कुल १ लाख ४ हजार ८ सय ९२ मतदाता छन् ।

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express Money Transfer, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money, Best Remit

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*